आज मिति २०७८ साल जेठ २४ गते यस भेरीगंगा नगरपालिकाका का.वा. नगर प्रमुख श्री रेणु आचार्य ढकालको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री रेणु आचार्य, का.वा. नगर [redacted] प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर भिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री जगत बहादुर वस्नेत, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री मान बहादुर ठाडा, लेखाअधिकृत
श्री कुलबहादुर खड्का, नायब सुब्बा
श्री खगेन्द्र नगाल

Scanned with CamScanner

**प्रस्ताव नं. १ : आगामी आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम सम्बन्धमा ।**

निर्णय नं. १ : यस नगरपालिकाको आगामी आ.व. २०७८।०७९ को नवौं नगरसभामा पेश हुने नीति तथा कार्यक्रमको सम्बन्धमा आवश्यक तयारी गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : नगरपालिकाका विभिन्न शाखाहरुको खर्च तथा प्रगती तथा नीति माग गर्ने सम्बन्धमा ।**

निर्णय नं. २ : यस नगरपालिकामा रहेका विभिन्न शाखाहरुको जेठ मसान्तसम्मको खर्च तथा प्रगति माग गरी आवश्यक जानकारी लिने निर्णय गरियो । साथै नीति तथा कार्यक्रमहरु माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : योजना तथा कार्यक्रम माग सम्बन्धमा ।**

निर्णय नं. ३ : यस नगरपालिकालाई कार्यक्षेत्र बनाई काम गरीरहेका विभिन्न संघ संस्थाहरुले हालसम्म संचालन गरेका योजना तथा कार्यक्रम र आगामी आ.व. मा संचालन हुने नीति योजना तथा कार्यक्रम सहित बैठक बस्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : बजेट सम्बन्धि जानकारी सम्बन्धमा ।**

निर्णय नं. ४ : यस नगरपालिकाको आ.व. २०७८।७९ सालका लागि संघ र प्रदेश सरकारबाट प्राप्त बजेटको सम्बन्धमा जानकारी प्राप्त भयो ।

**प्रस्ताव नं. ५ : राताचौरमा पानी आपूर्ति सम्बन्धमा ।**

निर्णय नं. ५ : यस नगरपालिकाको अस्थायी कोभिड अस्पतालमा आवश्यक पर्ने पानी भेरींगगा नगरपालिका वडा नं. १० को मदानीचौरस्थित गोगनपानीको मुहानबाट राताचौर कोभिड अस्पतालसम्म आपूर्ति गर्न लाग्ने पाइप तथा गाड्ने, पुर्नेलगायतकाको खर्च समेत आ.व. २०७७।०७८ सालको नगरस्तरिय योजनामा रहेको पोलिथिन पाइप खरिद शिर्षकलाई शंशोधन गरी खर्च गर्ने र सो कार्य आगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : कोरोना भाइरस कोभिड १९ को जानकारी सम्बन्धमा ।**

निर्णय नं. ६ : यस नगरपालिकाको हालसम्मको कोरोना भाइरस कोभिड १९ को व्यवस्थानि, यसको वर्तमान अवस्था तथा विवरणको बारेमा जानकारी प्राप्त भयो ।

**प्रस्ताव नं. ७ : जग्गा लिजमा लिने सम्बन्धमा ।**

निर्णय नं. ७ : यस भेरीगंगा नगरपालिकाको फोहोरमैला व्यवस्थापनको लागि यस नगरपालिकाको वडा नं. १२ मा रहेको रामजानकी सामुदायिक वन उपभोक्ता समितिसँग रहेको खाली जग्गामा फोहोरमैला व्यवस्थापन गर्न ९९ बर्षको लागि लागि लिजमा लिने र बार्षिक ६ हजारका दरले भाडा तिर्ने साथै उक्त क्षेत्र आसपासमा वृक्षारोपण गर्ने गरी सम्झौतालगायतका कार्यहरु अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : सडक ट्याक खोल्ने सम्बन्धमा ।**

निर्णय नं. ८ : यस भेरीगंगा नगरपालिकाको वडा नं. ६ स्थित हरियालीएकता टोलमा सडकको ट्याक खोल्ने कार्यका लागि सोही वडाको भैपरी आउने बजेटबाट रु २० हजार खर्च रकम छुट्याई खर्च व्यवस्थापन गर्ने र सो को अनुमोदन आगामी नगरसभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

Shagun

Scanned with CamScanner

**प्रस्ताव नं. ९ : जाली खरिद सम्बन्धमा ।**

निर्णय नं. ९ : यस भेरीगंगा नगरपालिकाको आठौं नगरसभाबाट विनियोजित भू तथा जलाधार संरक्षणका लागि जाली खरिद कार्यक्रमका लागि विनियोजित रकम रु ४ लाख रकमबाट नगरपालिकाले खरिद गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : राहत रकम सम्बन्धमा ।**

निर्णय नं. १० : यस भेरीगंगा नगरपालिकामा क्षेत्रमा विभिन्न विपद् परी नगरपालिकाबाट प्रदान गर्ने राहतको सम्बन्धमा यस अघि गरेको कार्यपालिकाको निर्णयलाई निरन्तरता दिने निर्णय गरियो । र सोही बमोजिम क्षतिको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : अनुगमन गरी भुक्तानी दिने तथा आवश्यक सामाग्री व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. ११ : यस नगरपालिकाको वडा तथा नगरका सम्पन्न भएका योजनाहरुको अनुगमन गरी भुक्तानी दिने साथै उक्त कार्यका लागि सम्बन्धित प्राविधिकलाई बढी जिम्मेवार हुने गरी सम्बन्धित योजनाको प्राविधिक मूल्यांकन गर्न लगाउने । साथै अनुगमन तथा मूल्यांकन कार्यमा संलग्न हुने प्राविधिक कर्मचारी र अनुगमन समितिका सम्पूर्ण सदस्यहरुलाई रेनकोट, झोला, छाता, जुत्ता, टर्चलगायतका सामाग्रीहरु कन्टल्जेन्सी शिर्षकबाट व्यवस्थापन गरिदिने निर्णय गरियो । साथै यस नगरपालिकाका प्राविधिक कर्मचारीहरुलाई साविकमा पाउँदै आएको सुविधाको अतिरिक्त निजले खाईपाई आएको सुरु तलबको ५० प्रतिशत रकम प्रोत्साहन स्वरुप असार महिनाको लागि उपलब्ध गराई साँझ विहान समेत कार्य गराई सम्पन्न गराउने निर्णय गरियो ।

Scanned with CamScanner